# पाल्हीनन्दन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा ,नवलपरासी (ब.सु.प्र.)
लुम्बिनी प्रदेश, नेपाल

**<u>औषधी र स्वास्थ्य सामाग्रीहरु खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सुचना</u>**
**<u>(प्रथम पटक प्रकाशित मिति: २०७८/०१/०८)</u>**

यस पाल्हीनन्दन गाउँपालिका अन्तर्गत रहेका बिभिन्न स्वास्थ्य संस्थाहरु सञ्चालनका लागि आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार आवश्यक पर्ने औषधीहरु खरिद गरी वितरण गर्नुपर्ने भएको हुँदा ईजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म, कम्पनी वा संस्थाहरुबाट तोकिएको शर्तहरुको अधिनमा रहि यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरभाउपत्र खरिद गरी १६ औ दिन दिउसो २:०० बजे भित्र पेश गर्न यो सुचना प्रकाशन गरिएको छ, । उक्त शिलबन्दी दरभाउपत्रको विस्तृत विवरण यस पाल्हीनन्दन गाउँपालिकाको **Website: www.** https://palhinandanmun.gov.np मा राखिएको छ ।

श्री प्रसाद गौतम
प्रमुख प्रशासकिय अधिकृत

सुचना नं : १/स्वास्थ्य
आ.व. : २०७७/७८

प्रथम पटक प्रकाशित मिति :२०७८/०१/०८

# औषधी र स्वास्थ्य सामाग्रीहरु खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

पाल्हीनन्दन गाउँपालिका अन्तर्गत रहेका बिभिन्न स्वास्थ्य संस्थाहरु सञ्चालनका लागि आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार आवश्यक पर्ने औषधीहरु खरिद गरि आपूर्ती गर्नुपर्ने भएको हुँदा ईजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म, कम्पनी वा संस्थाहरुबाट रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र तपशिल बमोजिमको शर्तको अधिनमा रहि पेश गर्न सम्बन्धित सबैको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१.शिलवन्दी दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र यस कार्यालयबाट रु. १०००। (रुपैंया एक हजार मात्र ) पछि फिर्ता नहुने गरी बुझाइ दरभाउपत्र दाताले आ. व. २०७७/०७८ का लागि नविकरण गरेको उक्त सामान सप्लाइ गर्ने अनुमति पाएको कम्पनी वा फर्म दर्ता प्रमाण पत्र र औषधी व्यवस्था विभागबाट औषधीको कारोबार गर्न पाउने अनुमति पत्रको प्रमाणित प्रतिलिपि , मु. अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा गत आ.व. २०७६/७७ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन पेश गरी खरिद गर्न सकिने छ । बिक्री भइसकेको शिलबन्दी दरभाउपत्र फिर्ता हुनेछैन ।

२.खरिद गरेको दरभाउपत्रको सूचना तथा दरभाउपत्र पुस्तिकामा उल्लेख भएका शर्तहरुको अधिनमा रही रितपूर्वक भरी प्रथम पटक प्रकाशित भएको मितिले १६ औं (सोह्रौं) दिन दिनको २:०० बजे भित्र दाखिला गर्नु पर्ने छ । दर्ता गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण र दरभाउपत्र दाताको नाम ठेगाना खुलाई फर्मको छाप लगाइ खाम शिलबन्दी गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तोकिएको समय पछि प्राप्त भएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन । यसरी दर्ता भएको शिलवन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम दिन दिनको ५:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलवन्दी दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।

३.शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४.शिलवन्दी दरभाउपत्र साथ आफूले आपूर्ति गर्ने औषधीहरुको प्रत्येक आईटमको स्पेसिफिकेशन अनुसारको औषधी कम्पनीहरुको WHO GMP प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५.शिलवन्दी दरभाउपत्र साथ आफूले कबोल गरेको अङ्कको (मूल्य अभिवृद्धि कर बाहेक) २.५ % का दरले हुने रकम नेपाल बैक लि. बेलासपुरको च.हि.नं. २४८०३००००३०००००००१ मा जम्मा गरको सक्कल भौचर वा शिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त नेपाल बैकबाट यस कार्यालयको नाममा जारी गरेको सक्कलै बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

६. दरभाउ पत्रमा मु.अ.कर बाहेकको दररेट अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा भिन्नता पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरभाउ पत्रमा केरमेट भएको, सही छाप नगरेको, म्याद नाघी रित नपुगेको र शर्त राखिएको भएमा मान्यता दिइनेछैन ।

श्री प्रसाद गौतम
प्रमुख प्रशासकिय अधिकृत

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी मूल्यको शिलबन्दी दरभाउ पत्र पैकेजको रुपमा स्वीकृत गर्ने, अस्वीकृत गर्ने, रद्द गर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउ पत्रमा उल्लेख भएका औषधीहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएता पनि दरभाउ पत्र दाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । स्वीकृत बजेटको स्थिति अनुसार खरिद गरिनेछ । साथै स्वीकृत भएको दररेट वि.सं. २०७८ साल असार मसान्त सम्मको लागि मान्य हुनेछ ।

८. दरभाउपत्र दाताले आफूले खरिद गरेकै शिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । फोटोकपी गरेको, यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेका शिलवन्दी दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाइने छैन ।

९. स्वीकृत दरभाउपत्र दाताले औषधीमा अङ्कित मूल्य भन्दा बढी दर राखि पेश गर्न पाइने छैन । स्वीकृत शिलवन्दी दरभाउपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार पटक-पटक अर्डर दिई खरिद गर्न सकिनेछ । साथै सप्लाइ गरिने औषधीको Expiry Date यस कार्यालयको स्टोरमा बुझाउँदा कम्तिमा उत्पादन मितिबाट १८ महिना म्याद बाकी भएको वा ८०% म्याद बाकी भएको हुनुपर्नेछ ।

१०. शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधी भित्र औषधीहरु बुझाउनु पर्नेछ र औषधीको केही अंश अथवा सम्पूर्ण औषधी नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम कारबाही हुनेछ ।

११. दरभाउपत्र दाताले BOQ मा औषधी उत्पादन गर्ने कम्पनीको नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

१२. स्वीकृत दरभाउपत्र दाताले आपुर्ति गर्ने औषधीको प्रत्येक पत्ता, बोतल, भाइल, ट्युब र सोको प्याकिंगमा समेत उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नं. तथा **"नेपाल सरकारद्वारा निःशुल्क वितरणका लागि"** भन्ने वाक्यांश उल्लेख भएको औषधी सम्बन्धी १ सेट नमुना (Sample) पेश गर्नुपर्नेछ ।

१३. शिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।

१४. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१५. लागत अनुमान देहाय वमोजिम रहेको छ ।

| सि.नं | कामको विवरण | इष्टिमेट अङ्क | कैफियत |
|---|---|---|---|
| १ | औषधी खरिद (ढुवानी समेत) | रु. २९,७२,७१३।- | |

**श्री प्रसाद गौतम**
**प्रमुख प्रशासकिय अधिकृत**

गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल